गण्डकी प्रदेश सरकार

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

पत्र सङ्ख्याः ०७९/८०

चलानी नं.:

मितिः २०७९/११/३०

## एक स्थानीय तह एक खेलमैदान निर्माणसम्बन्धी कार्यक्रमको लागि सम्झौता गर्न आउने बारे

## सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा यस मन्त्रालयको (साविक युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशको) आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगतको **एक स्थानीय तह एक खेलमैदान निर्माण** कार्यक्रमलाई कार्यान्वयन गर्न साविक युवा तथा खेलकुद मन्त्रालयको मिति २०७९/०५/१६ मा प्रकाशित सूचना अनुसार यस मन्त्रालयमा पेश भएका प्रस्तावहरु उपर मूल्याङ्कन तथा सिफारिस समितिद्वारा मूल्यांकन हुँदा छनौट एवं सिफारिस भएका तपसिलका संघसँस्थाहरुको प्रस्तावहरु यस मन्त्रालयको मिति २०७९/११/२९ को निर्णय (माननीय मन्त्रीस्तर) बाट तपसिल अनुसार स्वीकृत भएकाले छनौटमा परेका देहायका **योजनाहरुको सम्झौताका लागि देहायका कागजातहरु सहित मिति २०७९/१२/२१ गतेसम्म कार्यालय समयभित्र यस मन्त्रालयमा सम्पर्क गर्नुहुन** सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

१. स्थानीय तहका प्राविधिकद्वारा तयार गरी प्रशासकीय प्रमुखबाट स्वीकृत गरिएको विस्तृत लागत अनुमान (योजनाको स्रोत एवं रकम, कन्टिजेन्सी रकम ४% र लागत साझेदारी कम्तिमा १०% देखिने गरी तयार पारिएको आदि ।)

२. खेलमैदान निर्माण समिति गठन सम्बन्धी निर्णयको प्रतिलिपि सहित स्थानीय तहको सिफारिस

३. जग्गा उपभोग सम्बन्धी कागजातहरुको प्रतिलिपि

४. स्थानीय तहको लागत साझेदारी सम्बन्धी पत्र

५. सम्झौता गर्ने आउने व्यक्ति र खाता संचालन सम्बन्धी निर्माण समितिको निर्णयको प्रतिलिपि

६. निर्माण समितिका सबै पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि ।

गण्डकी प्रदेश सरकार

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

पत्र सङ्ख्याः ०७९/८०
चलानी नं.:

| क्र. सं. | स्थानीय तह | योजनाको नाम | रकम रु. (हजारमा) |
|---|---|---|---|
| १ | अन्नपूर्ण गा.पा., कास्की | काँडे खेलमैदान अन्नपुर्ण-३ | १२०० |
| २ | बिरुवा गां.पा., स्याङ्जा | पुष्पमदन खेलमैदान बिरुवा-८, बेथाभुरुङ, स्याङ्जा | १२०० |
| ३ | भीमसेन थापा गा.पा., गोरखा | कुलीगैरा खेलमैदान | १२०० |
| ४ | गल्कोट न.पा., बाग्लुङ | चौराहा खेलमैदान गल्कोट-१ | १२०० |
| ५ | वालिङ न.पा., स्याङ्जा | भक्ते बिरौटा मालेबगर वालिङ खेलमैदान, वालिङ-८, स्याङ्जा | ८०० |
| ६ | म्याग्दे गा.पा., तनहुँ | म्याग्दे रंगशाला, म्याग्दे-७ | ८०० |
| ७ | पुतलीबजार न.पा., स्याङ्जा | मालेबगर खेलमैदान निर्माण स्याङ्जा | ८०० |
| ८ | फेदीखोला गा.पा., स्याङ्जा | फेदीखोला रंगशाला फेदिखोला-२, आंङ्गिकुना | ८०० |
| ९ | अर्जुनचौपारी गा.पा., स्याङ्जा | अर्जुन चौपारी खेलमैदान निर्माण तथा स्तरोन्नति अर्जुनचौपारी-१, स्याङजा | ८०० |
| १० | चापाकोट न.पा., स्याङ्जा | उत्तरगंगा खेलमैदान चापाकोट रंगशाला, स्याङ्जा | ८०० |
| ११ | हुप्सेकोट गा.पा., नवलपुर | तामाङटोल खेलमैदान, हुप्सेकोट-१ | ८०० |
| १२ | गैंडाकोट न.पा., नवलपुर | गैंडाकोट क्षेत्रीय रंगशाला | ५२५ |
| १३ | बेनी न.पा., म्याग्दी | प्रतिभा युवा क्लब खेलमैदान निर्माण | ५२५ |
| १४ | पैयुँ गा.पा., पर्वत | जनसेवा युवा क्लब खेलमैदान | ५२५ |
| १५ | गल्कोट न.पा., बाग्लुङ | जनजागृती मा.वि., गल्कोट, न.पा.-८, काँडेबास, बाग्लुङ | ५२५ |